# खडक नगरपालिका

कल्याणपुर, सप्तरी

मधेश प्रदेश

# बजेट वक्तव्य

## आ.व.२०७९/८०



**खडक नगरपालिकाको ११औं नगर सभामा २०७९ साल असार १० गते शुक्रबार उप-प्रमुख श्रीमति रिता कुमारी चौधरी ज्यूद्वारा प्रस्तुत आ.व.२०७९/८० को बजेट वक्तब्य ।**

**आदरणीय नगर प्रमुख ज्यू,**
**नगर सभा सदस्य ज्यूहरु,**

खडक नगरपालिका जनताका प्रतिनिधिमूलक यस सभामा आगामी आ.व. २०७९/८० को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ । ११औं पूर्ण अवधिको बजेट प्रस्तुत गरि रहँदा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गरेका आन्दोलन, सशत्र संघर्ष, पटक-पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु । साथै मधेश आन्दोलन लगायत नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा सहादत प्राप्त गरेका सबै सहिद प्रति भावपूर्ण श्रन्दाञ्जली अर्पण गर्दछु ।

आगामी आ.व. को बजेटको तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेख भएको स्थानीयको एकल तथा साझा अधिकारहरुको सूची, नागरिकको मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, दिगो विकासको लक्ष्य, संघ र प्रदेशको नीति तथा कार्यक्रम, घोषणा पत्र, आ.व. २०७९/८० को खडक नगरपालिकाको नीति तथा कार्यक्रम, नगर सभाका सदस्य ज्यूहरुले प्रदान गर्नु भएका रचनात्मक सुझावहरु तथा सरोकारवालाहरुबाट प्राप्त राय सुझाव तथा चालु आ.व.को बजेटमा उल्लेख भएका महत्वपूर्ण कार्यक्रमलाई आगामी आ.व.को बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

**आदरणीय महानुभावहरु,**
अब म आगामी आर्थीक बर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छनः**

क) भौतिक पूर्वाधारलाई गुणस्तरयुक्त र दिगो बनाउने.
ख) गुणस्तरीय तथा रोजगारमुलक शिक्षा क्षेत्रको विकास गर्ने,
ग) जोखिम र विपदबाट नागरिकको जीवन रक्षा गरी जनजीविकालाई सहज बनाउने,
घ) सामाजिक क्षेत्रमा पर्याप्त लगानी गरी समृद्ध र सुखी खडक नगरपालिकाको निर्माण गर्ने,
ङ) कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी युवालाई कृषि क्षेत्रमा आकर्षित गरी आर्थिक विकासका लागि लगानीमैत्री वातावरण निर्माण गर्ने,
च) यस नगर क्षेत्रमा रहेका बेरोजगार व्यक्तिहरुलाई काममा आधारित रोजगारी प्रदान गर्ने,

छ) विपन्न समुदायको जीवनस्तरमा गुणात्मक अभिवृद्धि,

ज) सार्वजनिक सेवालाई प्रभावकारी बनाउने,

**आदरणीय सभा सदस्य ज्यूहरु,**

अब म खडक नगरपालिकाको चालु आर्थिक बर्ष २०७८/७९ मा गरिएको आय व्ययको संक्षिप्त समिक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आ.व. २०७८/७९ मा आन्तरिक आय रु.१ करोड १३ लाख अनुमान रहेको थियो । नेपाल सरकारबाट शसर्त रु. २५ करोड ७७ लाख , वित्तीय समानीकरण तर्फ रु. १४ करोड १० लाख, राजश्व बाँडफाडबाट ९ करोड ४८ लाख ३३ हजार, प्रदेश सरकारबाट वित्तीय समानीकरण रु.९ ८लाख १७ हजार, प्रदेश सरकार बिशेष अनुदान बाट ३० लाख, प्रदेश सरकार समपुरक अनुदानबाट २० लाख, सामाजिक सुरक्षाबाट १५ करोड गत बर्षको नगद मौज्दात ४ करोड ५२ लाख ५० हजार र अन्य आम्दानी सहित कुल बजेट अनुमान ७८ करोड ४४ लाख रहेको थियो । यस चालु बर्षको हाल सम्मको अवधिमा नगरसभाले स्वीकृत गरेको कार्यक्रमबाट चालु तर्फ ७०.९ प्रतिशत र पूँजीगत तर्फ ४५.८९ प्रतिशत भौतिक तथा वित्तीय प्रगति हासिल भएको सभा समक्ष जानकारी गराउन चाहान्छु । उल्लेखित खर्च प्रतिशत करीब २० दिन समय अझै बाँकी रहेकोले प्रगति प्रतिशत अझै बढने समेत जानकारी गराउन चाहन्छु ।

अब म नगर को आ.ब. २०७९/८० को बिषयगत क्षेत्र तथा कुल आय र व्यय को अनुमानित विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आगामी आ.व. २०७९/८० को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आयबाट रु १ करोड ४० लाखअनुमान गरिएको छ । त्यसै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट १५ करोड १ लाख, सर्शत अनुदानबाट रु २७ करोड ६२ लाख, राजश्व वांडफाड बाट ११ करोड ४८ लाख ७९ हजार, प्रदेश सरकारबाट वित्तीय समानीकरण रु.९१ लाख ६२ हजार र सवारी साधन कर बाँडफाँडबाट रु. ७० लाख, संघीय सरकार विशेष अनुदानबाट १ करोड, संघीय सरकार समपुरक अनुदानबाट १ करोड ७५ लाख, प्रदेश सरकार विशेष अनुदानबाट ३० लाख, प्रदेश सरकार समपुरक अनुदान बाट २० लाख र अन्य आम्दानी गरी कुल आम्दानी **८५ करोड ३८ लाख ४१ हजार** अनुमान गरिएको छ ।

**धन्यवाद ।**

**ईति सम्वत् २०७९ असार १० गते शुक्रवार**